म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २९२ सोमबार, २५ जेठ २०८३ ने. सं. ११४६ अनलागा 8 June 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## जुनियर खेलाडीको ग्रेडिङ सम्पन्न

हेटौंडा, २४ जेठ/रचना तेक्वान्दो डोजाङअन्तर्गतका जुनियर खेलाडीको ग्रेडिङ सफलतापूर्वक सम्पन्न भएको छ । आइतबार हेटौंडा-६ रामनगरस्थित बालजागृति युवावर्ष माध्यमिक विद्यालयको खेलमैदानमा आयोजना गरिएको ग्रेडिङ कार्यक्रममा रचना तेक्वान्दो डोजाङमा प्रशिक्षण लिइरहेका खेलाडी सहभागी भएका थिए । ग्रेडिङ सेतो पेटीदेखि फूल रेड बेल्टसम्मका खेलाडीका लागि सञ्चालन गरिएको थियो । कार्यक्रममा २१ जना जुनियर खेलाडीले आफ्नो दक्षता र सीप प्रदर्शन गर्दै प्रमोशनका लागि प्रतिस्पर्धा गरेका थिए । ग्रेडिङमा उत्कृष्ट खेलाडीका रुपमा सुविन गौतमलाई पुरस्कृत गरिएको थियो । समाजसेवी कृष्णप्रसाद दुलालको प्रमुख आतिथ्यता रहेको कार्यक्रममा हिमालयन राइडर्स सोसाइटीका प्रतिनिधिका साथै स्थानीय अभिभावकको उपस्थिति रहेको थियो । प्रशिक्षक ईश्वर श्रेष्ठका अनुसार ग्रेडिङमा सहभागी खेलाडीको नतिजा सोमबार सार्वजनिक गरिनुको साथै ग्रेडिङ प्रमाणपत्र प्रदान गरिनेछ । स्थान अभावका कारण साना बालबालिकाले खुलाचौरमै अभ्यास गर्न बाध्य भएका छन् । वडा नम्बर ६ रामनगरमा कभर्ड हल नहुँदा खेलाडी घामपानी हिलोबीच प्रशिक्षण लिइरहेका छन् ।

### १२ बुँदे 'हेटौंडा घोषणापत्र २०८३' जारी गर्दै सकियो बागमती मिडिया सम्मेलन

# विभेदकारी विज्ञापन नीति फिर्ता लिन माग

साझाकुरा संवाददाता

हेटौंडा, २४ जेठ/नेपाल पत्रकार महासंघ बागमती प्रदेशले निजी सञ्चारमाध्यममाथि विभेद हुनेगरी लागू गरिएका विज्ञापन सम्बन्धी नीति तथा परिपत्र तत्काल फिर्ता लिन संघीय सरकारसँग माग गरेको छ ।

महासंघको मिडिया सम्मेलन तथा पाँचौं साधारणसभाको अवसरमा जारी गरिएको १२ बुँदे 'हेटौंडा घोषणापत्र २०८३' मार्फत सञ्चारक्षेत्रका विविध समस्या तथा चुनौती औंल्याउँदै प्रेस स्वतन्त्रता, पत्रकारको पेशागत सुरक्षा र स्वतन्त्र सञ्चारमाध्यमको प्रवर्द्धनका लागि सरकारको ध्यानाकर्षण गराइएको हो । आइतबार हेटौंडामा सम्पन्न मिडिया सम्मेलन तथा साधारणसभाले जारी गरेको घोषणापत्रमा संविधानले सुनिश्चित गरेको मौलिकहक, प्रेस स्वतन्त्रता, संघीय शासन प्रणालीको मर्म र खुला अर्थनीतिको भावना विपरीत हुने गरी निजी सञ्चार माध्यमलाई असर पर्ने निर्णय तथा परिपत्रहरु जारी भएको भन्दै त्यसप्रति गम्भीर असन्तुष्टि व्यक्त गरिएको छ ।

महासंघले स्वतन्त्र सञ्चारमाध्यम लोकतन्त्रको आधार स्तम्भ भएकाले उनीहरुको अस्तित्व र दिगोपनामा असर पर्ने कुनैपनि नीति स्वीकार्य नहुने स्पष्ट पारेको छ । घोषणापत्रमा सरकारले विज्ञापन वितरणसम्बन्धी नीति निर्माण गर्दा निजी तथा स्थानीय सञ्चारमाध्यमलाई विभेदपूर्ण व्यवहार गरेको उल्लेख गर्दै त्यस्ता निर्णयहरु तत्काल फिर्ता लिन माग गरिएको छ । स्वतन्त्र मिडियाको संरक्षण र प्रवर्द्धनका लागि समान अवसरमा आधारित विज्ञापन नीति अवलम्बन गर्नुपर्नेमा जोड दिइएको छ । महासंघले स्थानीय सरकारलाई समेत आफ्नो क्षेत्रभित्रका सञ्चारमाध्यमलाई प्राथमिकता दिँदै स्थानीय विज्ञापन स्थानीय सञ्चारमाध्यममार्फत् नै वितरण गर्न अनुरोध गरेको छ ।



महासंघले पछिल्लो समय पत्रकारले समाचार संकलन तथा प्रकाशनका क्रममा विभिन्न प्रकारका दबाब, निगरानी र कानुनी चुनौतीको सामना गर्नुपरेको उल्लेख गर्दै पत्रकारलाई निर्वाधरुपमा सूचनामा पहुँच सुनिश्चित गर्न सरकारसँग माग गरेको छ । समाचार लेखेकै आधारमा पत्रकारमाथि विद्युतीय कारोबार ऐनअन्तर्गत फौजदारी अभियोग लगाउने, धम्की दिने, धर पकड गर्ने तथा निगरानी राख्ने कार्य लोकतान्त्रिक मूल्य र प्रेस स्वतन्त्रताविपरीत भएको महासंघको ठहर छ । यस्ता गतिविधि तत्काल अन्त्य गर्न सम्मेलनले सरकारसँग माग गरेको छ ।

घोषणापत्रमा साना लगानीका सञ्चारमाध्यम आर्थिक रुपमा संकटमा पर्दै गएको उल्लेख गर्दै उनीहरुको संरक्षण र प्रवर्द्धनका लागि विशेष नीति आवश्यक रहेको औंल्याइएको छ । मिडियालाई केवल सूचनाप्रवाह गर्ने माध्यमकारुपमा नभई उद्योगकारुपमा विकास गर्नुपर्ने धारणा राख्दै लगानीमैत्री वातावरण निर्माण गर्न सरकार र सरोकारवाला निकायको ध्यानाकर्षण गराइएको छ । पत्रकारको पेशागत सुरक्षाको विषयलाई पनि सम्मेलनले प्राथमिकताका साथ उठाएको छ । सञ्चारकर्मीलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराएर सामाजिक तथा आर्थिक सुरक्षा सुनिश्चित गर्न संघ, प्रदेश र स्थानीय सरकारसँग माग गरिएको छ ।

सञ्चारक्षेत्रमा कार्यरत श्रमिक पत्रकारको हकहित संरक्षण बिना स्वतन्त्र र जिम्मेवार पत्रकारिता सम्भव नहुने महासंघको निष्कर्ष छ । घोषणापत्रमा संघीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयनको विषय पनि उठाइएको छ । संघ, प्रदेश र स्थानीय सरकारको अधिकारक्षेत्र संविधानमै स्पष्ट व्यवस्था गरिएको अवस्थामा प्रदेश तथा स्थानीय सरकारको अधिकारक्षेत्रमा हस्तक्षेप हुने गरी संघीय सरकारले परिपत्र जारीगर्ने तथा निर्णय लिने कार्य रोक्न माग गरिएको छ । यस्ता गतिविधिले संघीयताको मर्ममाथि नै प्रहार गर्ने महासंघको धारणा छ ।

सञ्चारक्षेत्रभित्र समावेशी सहभागिता बढाउनुपर्ने विषयलाई पनि सम्मेलनले महत्वकासाथ उठाएको छ । सञ्चारगृहमा महिला, अल्पसंख्यक समुदाय तथा फरक क्षमता भएका व्यक्तिको सहभागिता बढाउन सकारात्मक विभेदको नीति अवलम्बन गरी आवश्यक कानुनी तथा नीतिगत व्यवस्था गर्न सरकारसँग आग्रह गरिएको छ । मकवानपुर लाई पर्यटकीय नगरीकारुपमा विकास गर्न तथा प्रदेश सरकार सञ्चालनका लागि आवश्यक स्थायी पूर्वाधार निर्माण गर्न संघीय र प्रदेश सरकारको ध्यानाकर्षण गराइएको छ ।

त्यसैगरी बन्द रहेको हेटौंडा कपडा उद्योग, समस्याग्रस्त अवस्थामा रहेको हेटौंडा सिमेन्ट उद्योगलगायत बागमती प्रदेशभित्र रहेका उद्योगधन्दा तथा कलकारखाना पुन:सञ्चालनमा ल्याई रोजगारी सिर्जना गर्न सरकारसँग माग गरिएको छ । महासंघले पत्रकार महासंघका विभिन्न जिल्ला शाखाको नाममा भोगाधिकार प्राप्त गरी निर्माण भएका भवनको भोगाधिकार यथावत् कायम राख्न पनि सम्बन्धित निकायसँग माग गरेको छ । मिडिया सम्मेलन तथा साधारणसभाले सरकारको सुशासन प्रवर्द्धन गर्ने प्रयासप्रति समर्थन जनाउँदै लोकतान्त्रिक विधि, प्रक्रिया र कानुनी शासनको मार्गबाट मात्र सुशासन स्थापित गर्नुपर्नेमा जोड दिएको छ ।

अधिनायकवादी वा निरंकुश शैलीबाट होइन, लोकतान्त्रिक मूल्य र मान्यताको सम्मान गर्दै शासन सञ्चालन गर्न सम्मेलनले सरकार लाई सुझाव दिएको छ । घोषणापत्र निर्माण समितिका संयोजक तथा नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिका सचिव श्याम खतिवडाले सम्मेलनमा उठेका विषयलाई समेटेर घोषणापत्र तयार गरिएको जानकारी दिएका छन् । सम्मेलनमा सहभागी पत्रकारले प्रेस स्वतन्त्रताको संरक्षण, सञ्चार माध्यमको दिगोपना र पत्रकारको पेशागत सुरक्षाका लागि घोषणापत्र कार्यान्वयनमा जोड दिएका थिए ।

सम्मेलनबाट पारित घोषणापत्र नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिका अध्यक्ष कृष्ण सारुमगरले बागमती प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री शिवराज अधिकारीलाई हस्तान्तरण गरे । सो अवसरमा मिडिया सम्मेलनका क्रममा उठेका विभिन्न विषय, सञ्चारक्षेत्रका समस्या तथा पत्रकारका सरोकारका मुद्दाबारे मन्त्री अधिकारीलाई जानकारी गराइएको थियो ।

## रानी सामुदायिक वनको अवलोकन

साझाकुरा संवाददाता

हेटौंडा, २४ जेठ/ सामुदायिक वनको क्षेत्रमा प्रसिद्ध हेटौंडा-६ मा रहेको रानी सामुदायिक वनको अवलोकन गरिएको छ ।

कपिलवस्तुको बाणगंगा नगरपालिका-८ मा रहेको मधुवन सामुदायिक वनका पदाधिकारी, जनप्रतिनिधि र उपभोक्ताले चौघडामा रहेको रानी सामुदायिक वनको अवलोकन गरेका हुन् । सहभागीलाई दिगो वन ब्यवस्थापनमा देखिएका समस्या र समाधानका उपाय, वनको ब्यवस्थापन, सदुपयोग, संस्थागत विकास, कार्यालय ब्यवस्थापन, महिला सहभागिता, पर्यापर्यटनलगायत विषयमा जानकारी गराइएको थियो । सहभागीलाई समूहका कार्यसमिति सदस्य पूर्णभद्र चौलागाई, केदारप्रसाद अधिकारी र कार्यालयसचिव भीमसेन पौडेलले वनले गरेका विभिन्न कार्यको बारेमा जानकारी गराएका थिए ।

मधुवन सामुदायिक वनका अध्यक्ष दीपकप्रसाद सापकोटाको नेतृत्वको भ्रमणदलमा बाणगंगा नगर पालिका-८ का वडाअध्यक्ष बाबुराम अर्याल, कार्यसमितिका पदाधिकारी, पूर्वअध्यक्ष, सल्लाहकार, उपभोक्ता र कर्मचारी गरी ४२ जनाको सहभागिता थियो । २०५७ सालको सर्वमान्य गणेशमान सिह वन संर क्षण प्रथम पुरस्कार प्राप्त गर्न सफल रानी सामुदायिक वनको हालसम्म ५ सय ८२ वटा भ्रमणटोलीले अवलोकन गरिसकेको वन समूहले जनाएको छ ।

# ६ खेलाडीले ज्यान गुमाएको सिस्नेरी घटनाबारे छानबीन गर्न समिति गठन



साझाकुरा संवाददाता

हेटौंडा, २४ जेठ/ २०८१ असोजमा मकवानपुरको सिस्नेरीमा पहिरोका कारण ६ खेलाडीले ज्यान गुमाएको विषयमा छानबीन गर्न समिति गठन गरिएको छ ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले खेलकुद चिकित्सा तथा अनुसन्धान केन्द्रका प्रमुख मधुसुधन बस्नेतको संयोजकत्वमा ५ सदस्यीय छानबीन उपसमिति गठन गरेको हो । उपसमितिको सदस्यमा कर्मचारी विभाग तथा प्रशासन प्रमुख शारङ्गिन निरौला, कानुन शाखाप्रमुख नारायणराज अर्याल, खेलकुद प्रतियोगिता तथा योजना विभागका विनोदकुमार उप्रेती र शिक्षा तथा खेलकुद मन्त्रालयका एकजना कानुनी अधिकृत छन् । समितिले २१ दिनभित्र छानबीन सकेर प्रतिवेदन बुझाउने छ । समितिले भोलि (सोमबार)देखि २१ दिनभित्र छानबीनको प्रतिवेदन तयार पारेर राखेपलाई बुझाउनुपर्ने म्यान्डेट पाएको छ ।

२०८१ असोज १२ गते मकवानपुरको इन्द्रसरोवर गाउँपालिकामा गएको पहिरोका कारण वडा नम्बर ३ स्थित बत्सलादेवी माविमा रहेको एन्फा सिस्नेरी एकेडेमीका ६ किशोर खेलाडीको निधन भएको थियो । एन्फाकै कमजोरीका कारण घटनामा आफ्ना बालकहरु गुमाएको भन्दै आफन्तले आरोप लगाउँदै आएका छन् । घटनामा एकेडेमीका किशोर खेलाडी आदित्य बलम्पाकी, विकल रेग्मी, प्रियान्स आचार्य, दिवस बानियाँ, अनुपम घलान र साइमन योन्जनको निधन भएको थियो ।

घटनाको छानबीनका लागि ज्यान गुमाएका खेलाडीका आफन्तले खेलकुद मन्त्रालयमा निवेदन दिएका थिए । सोही निवेदनअनुसार शिक्षा तथा खेलकुद मन्त्रालयले राखेपलाई छानबीनका लागि निर्देशन दिएको हो ।






साझाकुरा

## हाम्रो कुरा

# उत्कृष्ट चालक-सहचालक सम्मान

बागमती प्रदेश सरकारले केही वर्षयता सार्वजनिक यातायात क्षेत्रमा उत्कृष्ट कार्यगर्ने चालक तथा सहचालकलाई सम्मान गर्दै आएको छ । सार्वजनिक यातायात क्षेत्र कुनैपनि समाजको आर्थिक, सामाजिक र भौगोलिक जीवनसँग प्रत्यक्ष जोडिएको आधारभूत सेवा हो । नेपालजस्तो भौगोलिकरुपमा विविधता भएको, सडक संरचना अझै पनि चुनौतीपूर्ण अवस्थामा रहेको देशमा चालक तथा सहचालकको भूमिका केवल सवारीसाधन चलाउने र यात्रु चढाउने-ओराल्ने काममै सीमित हुँदैन । उनीहरु नै यात्रुको सुरक्षा, समयपालन, सेवाको गुणस्तर र यातायात क्षेत्रको समग्र छविका मुख्य संवाहक हुन् । यही यथार्थलाई आत्मसात् गर्दै बागमती प्रदेश सरकारको श्रम, रोजगार तथा यातायात मन्त्रालयले उत्कृष्ट चालक तथा सहचालकलाई सम्मान गर्ने पहल गर्नु अत्यन्त सकारात्मक र दूरदर्शी कदम हो । प्रदेशभर सार्वजनिक यातायात सेवा सञ्चालन गर्दै आएका चालक तथा सहचालकमध्ये उत्कृष्ट १६-१६ जनालाई नगदसहित सम्मान गर्नु केवल व्यक्तिगत उपलब्धिको कदरमात्र होइन, समग्र यातायातक्षेत्रलाई अनुशासित, सुरक्षित र मर्यादित बनाउने सन्देश पनि हो । दीर्घकालीन सेवा, दुर्घटनारहित यात्रुसेवा, अनुशासन, जिम्मेवारीबोध र सेवाप्रतिको समर्पणजस्ता मापदण्डका आधारमा गरिएको मूल्यांकनले सम्मानको विश्वसनीयता बढाएको छ ।

यसले 'राम्ररी काम गर्नेको कदर हुन्छ' भन्ने सकारात्मक संस्कारलाई संस्थागत गर्न सहयोग पुऱ्याउँछ । सार्वजनिक यातायातमा हुने अधिकांश दुर्घटनाको कारण चालकको लापरवाही, अत्यधिक गति, थकान, मदिरा सेवन वा नियमको बेवास्ता हुने गरेको यथार्थ हामी सबैलाई थाहा छ । यस्तो अवस्थामा दुर्घटनारहित सेवा दिएका चालकलाई सम्मान गर्नु भनेको सुरक्षित ड्राइभिङ संस्कृतिलाई प्रोत्साहन गर्नु हो । सहचालकको भूमिका पनि त्यत्तिकै महत्वपूर्ण छ । यात्रु व्यवस्थापन, टिकट प्रणाली, चालकलाई सहयोग, विवाद व्यवस्थापन र आपतकालीन अवस्थामा सहजीकरण गर्ने काम सहचालकबाटै सम्भव हुन्छ । उनीहरुको व्यवहार र बोलीले यात्रुमा सार्वजनिक यातायातप्रतिको धारणा निर्माण हुन्छ । सम्मानमा मकवानपुरका चालक तथा सहचालकको संख्या उल्लेख्य हुनु यस क्षेत्रको यातायात सेवा र कार्यसंस्कृतिको सकारात्मक संकेत हो । नारायणी यातायात व्यवसायी संघ मकवानपुरको समन्वयमा कार्यक्रम आयोजना हुनु पनि निजीक्षेत्र र सरकारबीचको सहकार्यको राम्रो उदाहरण हो । २०३६ सालमा भुटनदेवी माविको चौरमा भेला भएका तत्कालीन यातायात ब्यवसायीले स्थापना गरेको नारायणी यातायात ब्यवसायी संघले यात्रुको दुर्घटना बीमा, तेस्रोपक्ष बीमा, सवारीधनी भलाई कोष स्थापना, चालकसहचालक बीमा जस्ता क्षेत्रमा क्रान्ती नै गरेको छ भन्दा अत्युक्ति नहोला । यातायात क्षेत्रको सुधार केवल सरकारको नियम वा निर्देशनले मात्र सम्भव हुँदैन । व्यवसायी, चालक, सहचालक र यात्रु सबैको साझा प्रतिबद्धता आवश्यक हुन्छ । यातायात क्षेत्रलाई सुरक्षित र व्यवस्थित बनाउन चालक तथा सहचालकको व्यावसायिक क्षमता अभिवृद्धि अनिवार्य छ । सम्मानसँगै नियमित तालिम, स्वास्थ्य परीक्षण, मानसिक परामर्श, बीमा सुविधा र श्रमसुरक्षामा ध्यान दिनु जरुरी छ ।

धेरै चालक लामो समयसम्म निरन्तर काम गर्दा थकान र तनावको सिकार हुन्छन् । यस्तो अवस्थाले दुर्घटनाको जोखिम बढाउँछ । त्यसैले सम्मान कार्यक्रमलाई व्यापक नीतिगत सुधारसँग जोड्न सकियो भने यसको प्रभाव अझ दिगो हुनेछ । यस प्रकारका सम्मान कार्यक्रमले युवापुस्तालाई सकारात्मक सन्देश दिन्छ । सार्वजनिक यातायात क्षेत्रमा कामगर्नु केवल बाध्यता होइन, सम्मानित र जिम्मेवार पेशा हो भन्ने धारणा विकास हुन्छ । जब चालक तथा सहचालकले आफ्नो कामको कदर र सम्मान पाउँछन्, तब उनीहरुमा पेशागत गर्व, जिम्मेवारीबोध र अनुशासन स्वत: बढ्छ । यसको प्रत्यक्ष लाभ यात्रु र समाजले पाउँछ । सुरक्षित, मर्यादित र व्यवस्थित यातायात प्रणाली विकास गर्नु प्रदेशको समग्र विकाससँग जोडिएको विषय हो । सडक, सवारीसाधन र नियमजत्तिकै मानवपक्ष–चालक तथा सहचालकमा लगानी गर्नु आवश्यक छ । बागमती प्रदेश सरकारले सुरु गरेको यो सम्मान अभियान निरन्तर, पारदर्शी र अझ व्यापक बनोस् भन्ने अपेक्षा गर्न सकिन्छ । चालक तथा सहचालकको योगदानको कदर गर्दै उनीहरुलाई सक्षम र प्रेरित बनाउनु नै सुरक्षित यात्राको सबैभन्दा भरपर्दो आधार हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ जेठ २६ गते मंगलबार ९ जुन २०२६ । नवमी, जेठ कृष्णपक्ष । अनलागा ११४६ ने.सं. । सूर्योदय ५:९ सूर्यास्त ६:५७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : चुनौतीहरु बढ्नेछन् | तुला | : प्रयत्न निरर्थक हुनेछ |
| वृष | : आम्दानी घट्नेछ | वृश्चिक | : व्यावसायिक काम बन्नेछ |
| मिथुन | : मित्रताले हर्ष बढ्नेछ | धनु | : सहयोगीले असहयोग गर्नेछन् |
| कर्कट | : कामको तारिफ हुनेछ | मकर | : पढाइमा प्रगति हुनेछ |
| सिंह | : अरुको मन लोभ्याउन सकिनेछ | कुम्भ | : समस्या दोहोरिन सक्नेछ |
| कन्या | : दाम कमाउने बेला छ | मीन | : घरेलु काममै अलमल हुनेछ |

# कम्युनिस्ट आन्दोलनले खोजिरहेको नयाँ पुष्पलाल



✍हरिबोल गजुरेल

*'दार्शनिकहरूले अहिलेसम्म संसारको विभिन्न तरिकाले व्याख्या गरेका छन्, तर मुख्य कुरा त्यसलाई बदल्नु हो ।' - कार्ल मार्क्स*

मार्क्सवाद एक गतिशील परिवर्तनकेन्द्रित सामाजिक विज्ञान हो । विज्ञान, प्रविधि, उत्पादक शक्ति, उत्पादन सम्बन्ध तथा मानव समाजका समग्र पक्षमा निरन्तर परिवर्तन र विकास भइरहेका छन् । त्यसैले यी परिवर्तनहरूको मार्गदर्शन गर्ने मार्क्सवादी सिद्धान्त पनि समयानुकूल निरन्तर सिर्जनात्मक प्रयोग, परिमार्जन र विकास हुँदै जानुपर्छ । अन्यथा, मार्क्सवादलाई जस्ताको तस्तै बोकेर संसारको व्याख्यामै सीमित रहने कमरेड मोहन वैद्य (किरण) जस्तो आदर्श पात्र बन्न त सकिएला, तर नेपाल वा संसारलाई रूपान्तरण गर्न सकिँदैन ।

सोभियत सैमा लेनिनले र चीनमा माओले ठोस परिस्थितिको ठोस विश्लेषणका आधारमा आफ्ना देशका विशिष्टता अनुसार मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्नुभयो । फलस्वरूप, रूस र चीनमा क्रान्ति सम्पन्न मात्र भएन, मार्क्सवादको थप विकास समेत भयो । यही ऐतिहासिक र वैचारिक परम्पराको निरन्तरतामा नेपाली माओवादी धाराले पनि नेपालको ठोस परिस्थिति अनुसार मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्ने प्रयास गऱ्यो । नेपालमा पनि दशवर्षे युद्धका क्रममा मार्क्सवाद-लेनिनवाद-माओवादलाई नेपाली विशेषता अनुरूप प्रयोग गरियो र सापेक्षिक रूपमा सफल पनि भयो । तर शान्ति प्रक्रियामा प्रवेश गरेपछि परिस्थिति बदलियो ।

मेरो व्यक्तिगत अनुमान, मनोवैज्ञानिक दृष्टिले हेर्दा प्रधानमन्त्री बनेपछि प्रचण्डका लागि कम्युनिस्ट आन्दोलनमा लाग्नुको मूल उद्देश्य (अवचेतन रूपमा निर्माण भएको राजनीतिक लक्ष्य) पूरा भएको जस्तो देखियो । उता संविधानसभाबाट संविधान बनेपछि, बाल्यकालदेखि नै राजतन्त्रका कट्टर विरोधी मनोविज्ञान बोकेका बाबुराम भट्टराईको प्रधानमन्त्री बन्ने अर्थात् सधैं पहिलो भूमिकामा रहने चाहना संविधान जारी भई गणतान्त्रिक व्यवस्था संस्थागत भएपछि (३ असोज २०७२) पूरा भयो ।

राष्ट्र र जनताको आवश्यकता तथा आकांक्षा पूरा गर्ने समाजवादी लक्ष्यभन्दा व्यक्तिगत अहम्, सुखसुविधा, सानमान, व्यक्तिगत करिअर (पद-प्रतिष्ठा) तथा शक्तिको जोड-घटाउ प्राथमिकतामा पर्दै जाँदा, उहाँहरूका लागि जीवनको उत्तरार्धमा कम्युनिस्ट सिद्धान्त र मार्क्सवादी आदर्श नै बोझिलो बन्दै गएको अनुभूत हुन्छ । कालान्तरमा कम्युनिस्ट पार्टीका मुख्य नेताहरू गणतान्त्रिक संविधानको कार्यान्वयनका सन्दर्भमा सारत: वर्गविरोधी शक्तिहरूका सेवक तथा पार्टी पङ्क्ति र जनतामाथि शासकका रूपमा रूपान्तरित भएको परिदृश्य अत्यन्त विडम्बनापूर्ण र टिठलाग्दो छ ।

त्यसपछि मार्क्सवादी सिद्धान्त र आदर्श अनुसार चल्न खोज्ने पात्र, प्रवृत्ति र शक्तिहरू पनि उहाँहरूलाई असहज लाग्नु स्वाभाविक थियो । पार्टीमा वैचारिक, सङ्गठनात्मक, कार्यशैली तथा विधि-पद्धतिको विषय उठाउँदै आएका नेता-कार्यकर्ताहरूलाई 'नो इन्ट्री' जस्ता शब्दहरूको प्रयोग हुनु पनि त्यसैको एउटा प्रमाण होइन र ? संविधानसभा र गणतन्त्रको ऐतिहासिक यात्रा पूरा भएपछि उहाँहरूलाई नेतृत्वबाट बिदाइ नगर्दाका दुष्परिणाम आज पार्टी पङ्क्ति र जनताले भोग्न बाध्य भइरहेका छन् । किनकि उहाँहरूको प्रधानमन्त्री र गणतन्त्रसम्मको यात्रा पूरा भइसकेको थियो । अन्तिम लक्ष्य प्राप्त भएपछि उहाँहरूको च्याप्टर क्लोज हुनु नै थियो, भयो पनि ।

यो यथार्थलाई समय छँदै बुझ्न र देख्न नसक्नु अन्य नेता-कार्यकर्ताहरूमा दूरदर्शिताको अभाव खड्कियो । यसर्थ क्रान्तिकारी शक्तिहरूले पार्टी पङ्क्ति र जनसमुदायमाझ आत्मालोचना र क्षमायाचना सहित गम्भीर आत्मसमीक्षा गर्नु आवश्यक छ । मुख्य नेतृत्वको अवचेतन मनमा परेको गहिरो प्रभाव तथा अन्य नेताहरूमा रहेको आदर्शवाद, उदारता र सङ्कीर्णताको मिश्रित प्रभावका कारण २०६३ जेठ १५ (राजतन्त्रको व्यावहारिक अन्त्य) पछिका दिनमा वैचारिक आवरणभित्र हुर्किरहेको अस्वस्थ मनमुटावको सही निरुपण हुन सकेन । परिणामत: संख्याको भद्दा खेलमा प्रवेश गरियो ।

जनताको त्याग र बलिदानको उचाइको तुलनामा परम्परागत संसदीय प्रणालीलाई मूलत: यथावत् राख्ने शासकीय स्वरूप, उत्पीडित जाति-समुदायहरूको पहिचान पर्याप्त रूपमा नझल्किने संघीय संरचना तथा प्रकृतिप्रदत्त जमिनलाई मौलिक अधिकारको रूपमा निजी सम्पत्तिकै दायरमा राखेर भूमिसुधारको उपहास गर्ने एउटा कमजोर संविधान नेपाली जनताले प्राप्त गरे ।

यस असफलताको प्रमुख कारणमध्ये एउटा-पार्टीभित्र मूल नेतृत्वप्रति कसैको आवश्यकता भन्दा बढी शङ्का र खोइरो खन्ने प्रवृत्ति तथा कसैको आवश्यकताभन्दा बढी तारिफ, बचाउ र अन्धविश्वासले आन्तरिक सन्तुलनलाई नराम्ररी खलबल्याउनु पनि थियो । यही अस्वस्थ अन्तर संघर्षको फाइदा उठाउँदै विरोधी वर्गले एक नेतालाई अर्को नेताविरुद्ध प्रयोग गर्ने अवसर प्राप्त गऱ्यो ।

पार्टीभित्र विरोध गर्ने नेताहरूको मनसाय मुख्य नेतृत्वलाई उत्तरदायी बनाउने भए पनि उनीहरू 'विरोधी कित्ता' र समर्थन गर्नेहरूको मनसाय पवित्र र सहयोग गर्ने भए पनि उनीहरू 'चाकरीबाजको कित्ता' मा जस्तो देखिनु विडम्बनापूर्ण परिवेश हो । फलस्वरूप रचनात्मक संश्लेषण र रचनात्मक निषेध अवरुद्ध भयो । यो सिलसिला रोकिएन । यो अस्वस्थ माहोलमा समयसँगै पार्टीमा ख्रुश्चेभ र लिनपियाओ शैलीका गैरसर्वहारा प्रवृत्तिहरू हावी भए । परिणामत: शक्ति सैर्षमा साधन-स्रोत जुटाइदिने, नेतृत्व रक्षाको बहानामा चरम चाकडी गर्ने, अवसरवादी र व्यक्तिगत महत्त्वाकाङ्क्षाले प्रेरित व्यक्तिहरू नेतृत्वका सबैभन्दा प्रिय पात्र बन्न पुगे ।

विडम्बना के रह्यो भने, कम्युनिस्ट पार्टी र तिनका प्रमुख नेताहरूले भाषणमा मार्क्सवादको वकालत गरे पनि व्यवहार, आचरण र राजनीतिक अभ्यासमा भने वर्गसमन्वयका नाममा पूँजीवादी मूल्यमान्यतालाई अँगाल्न पुगे । विभिन्न बहाना देखाउँदै वर्गसैर्षलाई भविष्यको विषय बनाइयो र मार्क्सवादका आधारभूत मान्यताबाट विचलित हुन कुनै आइतबार कुर्नुपरेन । अल्पकालीन हितका लागि दीर्घकालीन हितलाई बलि चढाइयो ।

जोसँग, जतिखेर पनि गठजोड गर्न तयार रहने गैरसर्वहारा प्रवृत्तिलाई 'गतिशील नेतृत्व' को पगरी गुताइयो । परिणामत: मार्क्सवादको सही कार्यान्वयन र जीवन्त अभ्यास हुन सकेन । अभ्यासबाट परीक्षण, परिमार्जन र विकास हुने अवसर गुम्दा मार्क्सवाद नेपालमा गतिशील विज्ञानका रूपमा विकसित हुन पाएन । अन्तत: युद्धका क्रममा विकासोन्मुख रहेका नयाँ वैचारिक चिचिलाहरूलाई समेत निमोठ्ने काम भयो । यही कारण नेपालको कम्युनिस्ट आन्दोलन आज लट्टाईबाट छुटेको चङ्गा जस्तै दिशाहीन र लक्ष्यविहीन बन्न पुगेको छ । आन्दोलन आफ्नो वैचारिक तथा राजनीतिक मार्गबाट विचलित भएको छ । सिद्धान्त र व्यवहार बीचको यस गम्भीर विच्छेदले आन्दोलनलाई बरालिएको अवस्थामा पुऱ्याएको छ, जसलाई पुन: सही दिशामा फर्काउनु सगरमाथाको चुचुरोमा पुग्नुभन्दा पनि कठिन चुनौती बनेको छ ।

यतिखेर नेपालको वाम आन्दोलन इतिहासकै एक कठिन र संवेदनशील मोडबाट गुज्रिरहेको छ । यसले विगतका धेरै नकारात्मक रेकर्डहरू पार गर्दै अभूतपूर्व स्खलनको अवस्था भोगिरहेको छ । क्रान्तिकारी वाम धाराको पछिल्लो सङ्गठित अभिव्यक्ति माओवादी आन्दोलन थियो । यसको विघटन, विचलन र कमजोर बन्दै गएको अवस्थासँगै नेपालको समग्र कम्युनिस्ट आन्दोलन गम्भीर वैचारिक, राजनीतिक र सङ्गठनात्मक सङ्कटमा फसेको छ ।

कसैले भन्थे- फर्सी पूरै खान योग्य छ, यसमा कुनै दाग छैन । कसैले भन्थे- अलिअलि बिग्रिएको छ, तर खानै नहुने त होइन । र कसैले भन्थे- यो कुहिसकेको छ, अब फालिदिनुपर्छ । तर जब फर्सी फुट्यो, दुर्गन्ध आफैं फैलियो र बहसको अन्त्य भयो । जेनजी आन्दोलन र त्यसपछिका निर्वाचन परिणामहरू सतहमा आएपछि भ्रष्ट र चरम अवसरवादी बाहेक भ्रममा बाँचेका बचाखुचा मानिसहरू समेत भ्रममुक्त भए । यतिखेर वाक्पटुता र खुराफातीपनका बलमा नेता-कार्यकर्ता तथा जनतालाई गुमराहमा राख्ने नेतृत्वका कुकर्महरू पर्दाफास भएका छन् । नेतृत्वको वास्तविक चरित्र जनतासामु उजागर हुनु र भ्रमको कुहिरो हटेर यथार्थ स्पष्ट हुनु आफैँमा एउटा महत्त्वपूर्ण उपलब्धि हो ।

विगतमा वामपन्थी तथा कम्युनिस्ट पार्टीहरू एउटै झन्डामा गोलबद्ध हुनुपर्छ भन्ने आवाज जनस्तरबाट बारम्बार उठ्ने गर्थ्यो । तर जेनजी आन्दोलन र संघीय निर्वाचनपछि यस्तो आवाज लगभग उठ्नै छाडेको छ । यसको अर्थ, 'कम्युनिस्ट पार्टीहरू सारत: विघटन भइसकेका छन्' भन्ने जनधारणाले बल पाउन थालेको यथार्थको प्रतिबिम्बन हो । आज स्वरूपमा मात्र पार्टीहरू फरक-फरक छन्, तर सारमा प्राय: फरक देखिँदैन, उन्नाइस र बीसको फरक मात्र हो । पार्टीहरू वैचारिक र सङ्गठनात्मक रूपमा छ्यालब्याल भइसकेपछि फैलिएको दुर्गन्धले नेता-कार्यकर्ता र जनता आक्रान्त छन् । यही वर्तमान यथार्थ हो । फलस्वरूप, विचारविहीन कम्युनिस्ट पार्टीहरू र भूमिकाविहीन पदहरूको जोडघटाउबाट आफ्नो स्वार्थ पूरा गर्न खोज्ने अवसरवादी नेता-कार्यकर्ताले 'एकता' का नाममा चलाउँदै आएको राजनीतिक पसल क्रमश: ग्राहकविहीन बन्दै गएको छ ।

तर अर्कोतर्फ, विभिन्न कम्युनिस्ट पार्टी र समग्र वाम आन्दोलनसँग आबद्ध इमानदार तथा क्रान्तिकारी शक्तिहरू गम्भीर आत्मसमीक्षा र चिन्तनमननमा जुटेका छन् । 'चरम अवसरवाद, वैचारिक विचलन र नेतृत्वको अक्षमताले पार्टी र आन्दोलनलाई आजको सङ्कटपूर्ण अवस्थामा पुऱ्याएको हो' भन्ने निष्कर्ष समाजमा व्यापक रूपमा स्थापित हुँदै गएको छ । यस परिप्रेक्ष्यमा, समग्र कम्युनिस्ट आन्दोलनले व्यहोरेको यस अकल्पनीय क्षतिको क्षतिपूर्ति गर्न विभिन्न पार्टीहरूमा बाँकी रहेका क्रान्तिकारी शक्तिहरूको ध्रुवीकरण र केन्द्रीकरण आवश्यक भएको आवाज जनस्तरबाट उठ्न थालेको छ । जनताको यस प्रकारको चाहना र आवाजलाई सम्मान गर्दै क्रान्तिकारी शक्तिहरूले त्यस दिशामा पहल लिनु आजको एक अत्यन्त ज्वलन्त कार्यभार बनेको छ ।

हामीले स्पष्ट गर्नैपर्छ- हाम्रो उद्देश्य केवल पार्टीहरूको अङ्कगणितीय एकता हो वा कम्युनिस्ट आन्दोलनलाई वैचारिक र सङ्गठनात्मक पुनर्जागरण प्रदान गर्ने ऐतिहासिक पहल ? नेपाललाई आज अर्को यान्त्रिक पार्टी एकताको होइन, विचार, संस्कृति, नैतिकता र नयाँ पुस्ताको नेतृत्वमा आधारित क्रान्तिकारी पुनर्जागरणको आवश्यकता छ । पार्टीहरू जोड्नु ठूलो कुरा होइन, आन्दोलनलाई नयाँ जीवन दिनु ठूलो कुरा हो । सबै पार्टीहरूमा अवसरवादी प्रवृत्ति हावी भए पनि, प्रत्येक धाराभित्र अझै इमानदार र क्रान्तिकारी शक्ति बाँकी छन् । ध्रुवीकरणको आधार तिनै शक्ति हुनुपर्छ ।

तर यहाँ केही आधारभूत प्रश्नहरूमा स्पष्ट हुनु अनिवार्य छ- हामी कस्तो ध्रुवीकरण खोजिरहेका छौं ? तत्काल यसको नेतृत्व कसले गर्छ ? यसको वैचारिक आधार के हुन्छ ? र यो प्रक्रिया कस्तो विधि, राजनीतिक संस्कृति तथा सङ्गठनात्मक अभ्यास मार्फत अगाडि बढाइन्छ ? यी प्रश्नहरूको स्पष्ट उत्तर विनाको ध्रुवीकरण केवल अर्को अङ्कगणितीय एकतामा सीमित हुन सक्छ । त्यसैले वाम ध्रुवीकरणको आवश्यकता, वैचारिक आधार, कार्यविधि र सम्भावनाबारे गम्भीर राष्ट्रिय बहस प्रारम्भ गर्नु आजको ऐतिहासिक आवश्यकता बनेको छ ।

२००८ सालको भीमदत्तको सशस्त्र विद्रोह, २००९/१० सालको रौतहट किसान आन्दोलन, २०२८ सालको झापा विद्रोह, २०३५/३६ सालमा सिन्धुली केन्द्रित जनकपुर अञ्चलको सैर्ष, २०५२ सालमा विश्वलाई समेत तरङ्गित बनाएको महान् जनविद्रोह, जनआन्दोलन तथा अन्य विभिन्न वर्गसैर्षहरू र छोटो समयमै नेपाली समाजमा व्यापक उथलपुथल ल्याएको जेनजी (२०८२) आन्दोलनका अनुभवहरूले नेपालमा मार्क्सवादको सिर्जनात्मक विकासका लागि महत्त्वपूर्ण आधार तयार गरेका छन् । यिनै ऐतिहासिक अनुभव र उपलब्धिहरूको जगमा टेकेर अगाडि बढ्ने साहस गर्न र जेन-जी पुस्ताका युवाहरूलाई आकर्षित गर्ने वैचारिक तथा राजनीतिक वातावरण निर्माण गर्न सकियो भने नेपालमा समाजवादी क्रान्तिलाई नयाँ उचाइमा पुऱ्याउन मात्र होइन, नेपालको कम्युनिस्ट आन्दोलनले विश्व समाजवादी आन्दोलन र मार्क्सवादको विकासमा समेत नयाँ आयाम थप्न सक्छ ।

त्यसैले निराश हुनु आवश्यक छैन । मार्क्सवादको विकास सधैँ सोझो रेखामा हुँदैनह यो अन्तर्विरोध, सैर्ष, सफलता र असफलताका जिगज्याग प्रक्रिया मार्फत अगाडि बढ्ने गर्दछ । कमरेड पुष्पलालले २०१९ सालपछि विघटित र विभाजित अवस्थामा पुगेको कम्युनिस्ट आन्दोलनलाई पुन: वैचारिक आधारमा सही दिशामा उभ्याउने ऐतिहासिक भूमिका निर्वाह गर्नुभएको थियो । आज पनि, प्रतीकात्मक अर्थमा, जेन-जी युवाहरूलाई नेतृत्वको अग्रपङ्क्तिमा ल्याउन सक्ने दूरदृष्टि, साहस र वैचारिक स्पष्टता भएको 'नयाँ पुष्पलाल' को आवश्यकता महसुस भइरहेको छ ।

यतिखेर यहीभन्दा उज्यालो र यथार्थपरक अर्को बाटो देखिएको छैन । यसको विकल्प व्यक्तिगत स्वार्थकेन्द्रित जोडघटाउमा आधारित कथित कम्युनिस्ट पार्टीहरू बीचको अङ्कगणितीय एकता हुन सक्दैन । आवश्यक कुरा वैचारिक स्पष्टता, क्रान्तिकारी शक्तिहरूको ध्रुवीकरण, नयाँ राजनीतिक संस्कृति र आन्दोलनको सङ्गठनात्मक पुनर्जागरण हो । यसको वस्तुगत आधार र जनआकांक्षा आज प्राय: सबै कम्युनिस्ट पार्टीभित्र भुसको आगो झैं सल्किरहेको विद्रोही चेतनाका रूपमा सतहमा प्रकट हुन थालेको छ ।

यो क्रान्तिकारी पुनर्जागरणको शुभसङ्केत हो । मार्क्सवादका असंख्य सत्यहरूमध्ये एउटा आधारभूत सत्य माओत्सेतुङले यसरी व्यक्त गरेका छन्- 'विद्रोह गर्नु अधिकार हो ।'

*(साभार: न्यूज अफ नेपाल)*

# एमालेको पुनर्गठन किन र कसरी ?

✍युवराज ज्ञवाली

नयाँ समाज निर्माणको सपना पूरा गर्ने सैर्षमा हामीले पुरानो समाजलाई बदल्ने मात्र होइन, त्योभन्दा प्रमुख कुरा आफैलाई बदल्न सक्नुपर्छ । यस सन्दर्भमा कार्लमार्क्सले भनेका थिए, 'नयाँ समाज निर्माणका लागि स्वयम् आफैलाई तयार पार्नुपर्छ ।' नेकपा (एमाले), शान्त, समृद्धि, सुखी र समतामूलक नयाँ नेपाल निर्माणका लागि गठन भएको राजनीतिक शक्ति हो । नेपाली समाजलाई भ्रष्टाचार, गरिबी र शोषणबाट मुक्त गर्नका लागि यो पार्टीका हजारौं नेता तथा कार्यकर्ताहरूले रगत र पसिना बगाएर निर्माण गरेको पार्टी हो यो ।

यो पार्टी कुनै अमुक नेताको 'पुरुषार्थ' बाट व्यक्तिगत स्वार्थ र महत्त्वाकाङ्क्षा पूरा गर्ने हतियार होइन, केवल देश र जनताको सेवा गर्ने माध्यम मात्रै हो । कुनै पनि राजनीतिक पार्टी र सरकारको माध्यमबाट आफ्ना तमाम आवश्यकता र इच्छा पूरा होस् भन्ने, विश्वभरकै आम जनताको मानवीय स्वभाव हो । तर समाजवादलाई आफ्नो राजनीतिक लक्ष्य मान्ने पार्टीका नेता तथा कार्यकर्ताले आफ्नो भन्दा बढी जनताको हितलाई प्राथमिकतामा राखेर आजीवन काम गर्न सक्ने अरूभन्दा गुणात्मक रूपले नै भिन्न चरित्र निर्माण गर्नुपर्छ ।

कम्युनिस्ट पार्टीको सिद्धान्त, नीति र सम्पूर्ण क्रियाकलापसँगै सरकार र सिङ्गो राज्यसत्ता पनि समाज रूपान्तरणका साधनहरू हुन् । साध्य भनेको जनताको सुख, समृद्धि र खुसी नै हो । त्यसका लागि पार्टीले सही दृष्टिकोण, नीति, कार्यक्रम र कार्ययोजना मात्र होइन सोही अनुसारको आचरण, कार्यशैली र त्यसलाई व्यवहारमा रूपान्तरण गर्नु अनिवार्य हुन्छ । नेपाली समाजको विगतको पृष्ठभूमि र वर्तमान आर्थिक-सामाजिक परिस्थितिको कारणले विभिन्न पार्टीमा जस्तै एमाले भित्र पनि आत्म केन्द्रित व्यक्तिवादी चिन्तन र प्रवृत्ति कम-बेसी मात्रामा रहनु स्वाभाविक हो । तर पछिल्लो कालमा आइपुग्दा त्यो प्रवृत्ति अत्यन्त खतरनाक रूपमा देखा पर्न थालेको थियो । मुख्यत: जति-जति माथि गयो त्यत्ति नै व्यक्तिवाद बढ्दै गयो ।

पार्टी सञ्चालन गर्दै अघि बढ्ने क्रममा, अन्तत: सरकार र राज्यसत्ताको माध्यमबाट जनताका तमाम समस्याहरूको समाधान गर्दै समग्र मुलुकको विकास र समृद्धिमा अगुवाइ गर्नु स्वाभाविक हो । लोकतन्त्र, जनवाद, समाजवाद भनेको पनि जनताको सेवा गर्ने राजनीतिक माध्यम हो । एमाले सरकारमा सामेल भएर या त्यसको आफै नेतृत्व गरेको अवस्थामा देशको विकास र जनताको समृद्धिका लागि अधिकतम काम गर्ने महत्त्वपूर्ण अवसर बेलामौकामा प्राप्त भएको थियो र त्यसबेला केही राम्रा कामहरू पनि भए । तर त्योसँगै नयाँखाले समस्याहरू पनि पार्टीभित्र देखा पर्न थाले ।

आफ्नो जीवनको लामो कार्यकालमा अत्यन्त दु:ख-कष्ट र अभावको सामना गर्दै जनताको सेवामा समर्पित कतिपय नेता र कार्यकर्ताहरूमा, सत्तामा पुगेपछि प्राप्त सुख, सुविधा र मान-सम्मानको नयाँ अवसरले उनीहरूका आचरण र व्यवहारमा मात्र होइन चिन्तन र प्रवृत्तिमा समेत गलत किसिमको परिवर्तन देखा पर्न थाल्यो ।

उनीहरूले सत्ता र सरकारमा रहेको पुरानो ढाँचा, प्रवृत्ति र कार्यशैलीलाई लोकतान्त्रिक चरित्रमा रूपान्तरण गर्नुको बदला, पुरानो ढाँचाले उनीहरूलाई आफ्नो चरित्र अनुसार बदल्न थाल्यो । विभिन्न बिचौलिया र भ्रष्ट व्यक्तिहरूसँगको बढ्दो सङ्गतले गलत प्रवृत्तिहरू झाँगिँदै गए । बेलामौकामा कतिपय नेताहरूको बारेमा अनेक प्रश्नहरू उठ्न थाले । पार्टीभित्र त्यस्ता विषयमा प्रश्न गर्ने, छानबिन गर्ने, सही र गलत छुट्याउने काम हुन सकेन । विधानत: पार्टीमा शक्तिशाली अनुशासन आयोग बनेको भए पनि त्यो व्यवहारत: निरीह बन्दै गयो । त्यसमा पनि पार्टीभित्रको गुटबन्दीले निष्पक्ष छानबिन गर्ने र कार्यवाहीको सिफारिस गर्ने वातावरण बन्न सकेन । प्रश्नको घेरामा रहने जो कोही पनि गुटको छातामुनि सुरक्षित रहने परिस्थिति तयार भयो । जतिसुकै अपराधपूर्ण काम गरेको भए पनि आफ्नो गुटको मान्छेलाई संरक्षण गर्ने प्रवृत्ति बढ्यो । यसरी पार्टीले आफूलाई सच्याउने प्रक्रिया नै अवरुद्ध हुन पुग्यो ।

पञ्चायतकालीन नेकपा (माले) र ०४८ देखि ०५१ को एमाले कार्यकालसम्म पार्टीको मूल जनआधार श्रमजीवी वर्ग नै थियो । तर सत्ताकेन्द्रीत राजनीति हाबी हुँदै जाने क्रममा मूलभूत वर्गसँगको सम्बन्ध क्रमश: टुट्दै जान थाल्यो । देशका लाखौंलाख श्रमजीवी वर्गले एमालेलाई आफ्नो पार्टीको रूपमा विश्वास गरेर आस्थाको मत व्यक्त गर्दै आए । ०७४ मा दुई पार्टीबिचको एकताले सबैखाले कमजोरीलाई बिर्सेर जनताले कम्युनिस्ट पार्टीको दुई तिहाइको सरकार बनाउन सहयोग गरे ।

तर असंवैधानिक रूपले संसद् विघटन र पार्टी विभाजनपछि जनताको एउटा महत्त्वपूर्ण पङ्क्तिमा पुरानो विश्वास डगमगाउन थाल्यो । वास्तवमा इतिहासको सर्वोच्च शिखरमा पुगेको नेपालको कम्युनिस्ट आन्दोलनको यात्रा संसद् विघटनको उक्त बिन्दुबाट ओरालो लाग्न थाल्यो । उक्त महान् ऐतिहासिक उपलब्धिलाई जुनसुकै उपायबाट पनि जोगाउने र नयाँ नेपाल निर्माण गर्ने महत्त्वपूर्ण अवसरका रूपमा सदुपयोग गर्नुपर्ने थियो । त्यसबेलाको नेतृत्व त्यो उपलब्धिलाई सहजै समाप्त गर्ने दिशामा किन गयो ? गम्भीर प्रश्न रहिरहेको छ ।

इतिहासको लामो कालसम्म जनआधारित कार्यकर्ता पङ्क्ति पछि आएर आवधिक निर्वाचनको समयमा बाहेक अन्य समय जनताबाट अलग्गिएर सत्ताकेन्द्रित हुँदै गयो । समाजको गरिब, दु:खी र गरिखाने वर्ग, हरेक निर्वाचनमा अमुक पार्टीलाई भोट हाल्ने हतियार मात्र हुँदै गयो । उनीहरूलाई सचेत र सङ्गठित गर्ने कम्युनिस्ट पार्टी नै आफूहरूबाट अलग बन्दै गएको देखेपछि त्यो वर्गले निर्वाचनको अन्तिम समयतिर आएर क्षणिक लाभमा आधारित स्वविवेक प्रयोग गर्न थाल्यो । पार्टीभित्रको एउटा पङ्क्तिमा क्रमश: 'सत्ता, शक्ति र पैसा' सबै हो, बाँकी सिद्धान्त र विचार भनेको भावना र आडम्बर बाहेक केही होइन भन्ने मनोविज्ञानले घर गर्दै गयो । सत्ताको विभिन्न स्तरमा पुग्नका लागि पार्टीको महत्त्वपूर्ण पद आवश्यक पर्ने भएकाले बलियो गुट बनाएर सत्ता हत्याउने प्रवृत्ति निरन्तर रूपमा बढेर गयो । पार्टीमा नीति, विचार र सिद्धान्तप्रति प्रतिबद्ध, समाज, देश र जनताप्रति इमानदार व्यक्तिभन्दा अमुक नेताको गुणगान गाउने व्यक्तिको छनोटले प्राथमिकता पायो ।

क्रमश: पृष्ठ-३...

### संसदीय काम कारवाहीलाई पारदर्शी बनाउन 'डिजिटल पार्लियामेन्ट' मा जोड

# सबै प्रदेशसभाले संघ-प्रदेश समन्वय इकाइ स्थापना गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, २४ जेठ/ अन्तर-व्यवस्थापिका मञ्चले 'डिजिटल पार्लियामेन्ट' को अवधारणा अघि सारेको छ । सुदूरपश्चिम प्रदेशको टीकापुरमा हालै सम्पन्न अन्तर व्यवस्थापिका मञ्चको एघारौँ सम्मेलनले ९ बुँदे सन्देशपत्र जारी गरेको हो ।

जसको पहिलो बुँदामा सङ्घ, प्रदेश र स्थानीय तहबाट हुने कानुन निर्माण र संसदीय काम कार वाहीलाई छिटो, छरितो र पारदर्शी तुल्याउने विषय उल्लेख छ । यसअन्तर्गत अगाडि भनिएको छ, 'संसदीय गतिविधिमा सूचना प्रविधिमार्फत् नागरिक सहभागिता सुनिश्चित गर्न एवं तहगत व्यवस्थापिकाबीच सहकार्य र अन्तर आवद्धतालाई सूचना प्रविधियुक्त बनाउन सङ्घीय संसद तथा सबै प्रदेशसभाले डिजिटल पार्लियामेन्ट प्रणाली स्थापना गर्ने ।' सम्मेलनले मुलुकको संविधानले परिकल्पना गरेको सङ्घीय लोकतान्त्रिक



गणतन्त्रात्मक शासन व्यवस्थाको मर्मलाई आत्मसात गर्दै अगाडि बढ्ने संकल्प गरेको छ ।

सङ्घ, प्रदेश र स्थानीय तहका कानुन निर्माण र व्यवस्थापकीय कार्य प्रक्रियालाई सहकारिता, समन्वय र सहअस्तित्वको संवैधानिक सिद्धान्त अनुरुप प्रभावकारी कार्यान्वयन गर्ने भनेको छ । यस उद्देश्यअन्तर्गत रहेर कामगर्ने गरी डिजिटल पार्लियामेन्ट प्रणाली स्थापना गर्ने भनिएको छ । संकल्पपत्रको बुँदा नम्बर २ मा तहगत संसद र सभा बीच प्रभावकारी सहकार्य र अन्तर-आवद्धताको विषय छ । यसअन्तर्गत भनिएको छ, 'सङ्घीय संसद्सँग समन्वय गर्न सबै प्रदेशसभाले सङ्घ-प्रदेश समन्वय शाखा/इकाइ स्थापना गर्ने ।'

अन्तर व्यवस्थापिका मञ्चको सचिवालयको कार्य सङ्घीय संसद् सचिवालयको प्रदेशसभा सम्पर्क तथा समन्वय शाखाले गर्ने पनि तय गरिएको छ । तीनवटै तहका कानुन निर्माण एवम् व्यवस्थापिकीय काम कारबाहीलाई अनुसन्धान तथा विकास र नवप्रवर्तनमा आधारित तुल्याउने भनिएको छ । सङ्घीय संसद्, प्रदेशसभा तथा स्थानीय तहका जनप्रतिनिधि एवं कर्मचारीको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्न सङ्घीय संसदअन्तर्गत एक व्यवस्थापिकीय प्रतिष्ठान स्थापनाको लागि विशेष पहल गर्ने संकल्प गरिएको छ ।

सरकारको नीति तथा कार्यक्रम, पूर्वबजेट छलफल एवं संसदीय बजेट निर्माणकार्यलाई प्रभावकारी र नतिजामूलक बनाउन आगामी आर्थिक वर्षभित्र सङ्घीय संसद् र प्रदेशसभाबाट आवश्यक कानूनी व्यवस्थासहित संसदीय बजेट कार्यालय स्थापनाको कार्य अघि बढाउने विषय समावेश छ ।

# बागमतीमा २ लाख ८२ हजार व्यवसायको विवरण संकलन



साझाकुरा संवाददाता

हेटौंडा, २४ जेठ/ राष्ट्रिय तथ्यांक कार्यालयले दोस्रो चरणको आर्थिकगणनाअन्तर्गत बागमती प्रदेशबाट सबैभन्दा बढी दुई लाख ८२ हजार व्यावसायिक प्रतिष्ठानको आर्थिक विवरण संकलन गरेको छ ।

करिब ११ लाख ७० हजार व्यावसायिक प्रतिष्ठानको विवरण गणना हुँदा कर्णाली प्रदेशबाट सबैभन्दा कम ५२ हजार प्रतिष्ठान समावेश भएका हुन् । यही जेठ २२ गतेसम्म कार्यालयले लिएको लक्ष्य अनुसार देशभर करिब ८० प्रतिशत कार्यप्रगति भएको आर्थिक गणना शाखाका निर्देशक डा. वेदप्रसाद ढकालले जानकारी दिए । कार्यालयले आर्थिक कारोबार हुने औपचारिक तथा अनौपचारिक क्षेत्रका व्यापार व्यवसाय गर्ने सबै व्यावसायिक प्रतिष्ठानलाई आर्थिक गणनामा सहभागी हुन आग्रह गरेको छ । कार्यालयले व्यावसायिक कृषि, खानी, उत्पादन, उद्योग, व्यापार, निजी व्यवसाय, बैंक तथा सहकारीलगायत वित्तीय संस्था, व्यापारसम्बन्धी प्रतिष्ठानलगायतको तथ्यांक संकलन गरेको हो ।

संकलित विवरणका आधारमा सरकारलाई व्यावसायिक नीति, वाणिज्य नीति तथा आर्थिक विकासका तथ्यपरक योजना बनाउन सहज हुने जनाइएको छ । देशको आर्थिक गतिविधि प्रस्तुत गर्ने र राष्ट्रिय आर्थिक नीति निर्माणमा आधार प्रदान गर्ने उद्देश्यले गणना गरिएको हो । विसं २०७५ मा पहिलोपटक गणना सम्पन्न गरिँदा नौ लाख २३ हजार ३५६ प्रतिष्ठान समावेश भएका थिए । यसपटक करिब १४ लाख प्रतिष्ठान सहभागी हुने अनुमान गरिएको छ । गणना गत वैशाख २ गतेदेखि आगामी असार ७ गतेसम्म जारी छ ।

देशको आर्थिक विकासका लागि महत्वपूर्ण तथ्यांक प्रदान गर्ने अपेक्षा गरिएको कार्यक्रममा सबै प्रदेशमा प्रमुख सचिवको अध्यक्षतामा प्रदेश आर्थिक गणना समन्वय समिति तथा जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला आर्थिक गणना समन्वय समिति गठन गरिएको छ ।

गणनालाई बढी भरपर्दो र विश्वासिलो बनाउन वडामा समिति गठन गरिएको छ । सबै प्रकारका औपचारिक तथा अनौपचारिक उद्योग, व्यापारव्यवसाय र सेवाक्षेत्रलाई समेट्न लागिएको गणनाका लागि तीन हजार ९०६ गणक तथा ५२६ सुपरीवेक्षक खटिएका छन् ।

# जहाज चढ्नेले १३ लाखसम्मको गहना ल्याउन पाउने, स्थलबाट फर्किनेलाई ५ सयमाथि भन्सार

काठमाडौं/सरकारले वैदेशिक रोजगारीबाट जहाज चढेर नेपाल फर्किने र स्थलमार्गबाट फर्किनेलाई कानुनी रुपमै विभेदपूर्ण व्यवहार गर्दै आएको छ । अर्थ मन्त्रालयले हरेक वर्ष बजेट लगत्तै भन्सार ऐनलाई उदृत गर्दै नेपालबाट बाहिर जाने र विदेशी मुलुकबाट नेपालभित्र आउने यात्रुलाई आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका वस्तुका सम्बन्धमा सूचना प्रकाशित गर्छ । चलनचल्तीको भाषामा त्यसलाई झिटीगुन्टा सम्बन्धी नियम भन्ने गरिन्छ ।

सो ऐनको प्रावधान अनुसार जहाज चढेर आउने नेपाली कामदारलाई जुन सुविधा दिइएको छ, त्यो सुविधा भारतमा काम गरेर स्थलमार्गबाट स्वदेश फर्किने नेपाली वा अन्य मुलुकबाट भारत हुँदै स्थलमार्गबाट स्वदेश फर्कने नेपालीले पाउँदैनन् । अर्थ मन्त्रालयका अनुसार नेपालमा स्थायी बसोबास गर्ने नेपाली नागरिक विदेशमा गई जहाजबाट नेपाल फर्कदा व्यक्तिगत प्रयोगका लागि आफ्नो साथमा रहेका सामान पूर्ण महसुल छुटमा ल्याउन दिइन्छ ।

जसमा आफूले प्रयोग गरेको लुगाफाटा, बरबिछ्यौना, घर गृहस्थीका पुराना वस्तु, औषधि उपचार गराई फर्केका बिरामीले ल्याएका औषधि, शारिरीक रुपमा अशक्त यात्रुले साहराका रुपमा प्रयोग गरेका वस्तु, भन्सार महसुल ऐन २०८१ को अनूसूची ४ को प्रकरण १ मा तोकिएको परिमाणसम्मको सुन तथा सुनका गहना र चाँदी तथा चाँदीका गहना ल्याउँदा महसुल छुट हुने छ । त्यसरी आउने महिलाले ५० ग्रामसम्म सुनका गरगहना तथा पुरुषले २५ ग्राम सम्मका सुनका गहना ल्याउन पाउँछन् । हालको मूल्यअनुसार ५० ग्राम सुनको मूल्य करिब १३ लाख रुपैयाँ हुन्छ ।

त्यस्तै, आफूले प्रयोग गरेको ट्यावलेट वा ल्यापटप वा डेस्कटप कम्प्यूटर, घडी, क्यामरा, भिडियो क्यामरा र सेलुलर मोबाइल एक-एक थान समेत महसुल नतिरी ल्याउन पाइनेछ । श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गई लगातार १२ महिना काम गरी फर्केका नेपाली नागरिकले ल्याएको ६५ इन्चसम्मको टेलिभिजनमा भने महसुल छुट हुने व्यवस्था यसपटक आर्थिक ऐन संशोधनमार्फत गरिएको छ । यसअघिको प्रावधानमा भने सामाजिक सुरक्षा कोषमा सूचिकृत भएका नागरिकलाई त्यसरी आउँदा जुनसुकै आकार र प्रकारको एक टेलिभिजनमा छुट थियो भने कोषमा सूचिकृत नभएकाको हकमा ३२ इन्चको टेलिभिजन मात्र छुटमा ल्याउन पाइने सुविधा थियो ।

मन्त्रालयका अनुसार यस्तो छुट सुविधा एक पटकका लागि मात्र उपलब्ध हुनेछ । यसबाहेक बच्चा राख्ने पेराम्बुलेटर र ट्राइसाइकल, पेशागत यात्रुलाई आफ्नो पेशासँग सम्बन्धित वस्तुमा समेत महसुल छुट हुने छ । मदिरा एक लिटरसम्म र सात किलोग्रामसँगको खाद्य परिकार लाई समेट छुटको सूचीमा राखिएको छ । विदेशमा बसेका व्यक्तिले नेपालका आफन्त वा परिवारका सदस्यलाई ५ सय डलरसम्मको वस्तु पठाएमा लाग्ने महसुल लिई जाँचपास हुने छ । तर, सो मूल्य भन्दा महँगो वस्तुलाई सस्तो देखाई पठाएको पाइएमा भने सामान जफत, जरि बाना र महसुल तिराउन सक्ने प्रावधान राखिएको छ ।

यो साविकको नियममा समेत यथावत प्रावधान हो । चुरोट दुई सय खिल्लीसम्म वा सिगार ५० खिल्लीसम्म प्रचलित कानुन बमोजिम लाग्ने महसुल लिई जाँचपास गर्न सकिने छ । भारतीय सेना वा प्रहरीबाट निवृत्तिभरण पाउने गरी सेवानिवृत्त भई स्वदेश फर्किएको व्यक्तिले आफ्नो कागजात पेश गरेमा ५० हजारसम्मको निजी प्रयोगका वस्तुमा पूर्ण छुट हुने भएको छ । जुन साविकमा समेत सोही सीमा तोकिएको थियो । कुनै नेपाली नागरिकको विदेश बसाईमा मृत्यु भएको प्रमाणित भएमा निज र परि वारको निजी प्रयोगका पुराना सबै किसिमका वस्तु स्वदेश फिर्ता ल्याउँदा महसुल छुट हुनेछ । सो सूचीमा सवारी साधन, हातहतियार र खर खजाना भने पर्दैनन् ।

तर, यो सबै सुविधा स्थलगत सीमा नाकाबाट आउनेको हकमा लागु नहुने सूचनामै उल्लेख छ । स्थलमार्गबाट आउने यात्रुका हकमा भने ५ सय रुपैयाँ सम्मका सामान ल्याउँदा भन्सार प्रमुखले औचित्य हेरी महसुल नलिई छाड्न सक्नेछ भन्ने व्यवस्था छ । त्यसबाहेक भारतमा पढ्ने विद्यार्थीले एउटासम्म ल्यापटप, कम्युटर वा ट्याबलेट ल्याउन पाउने व्यवस्था पनि यसपटक गरिएको छ । वर्तमान सरकार बनेपछि भन्सार नाकाबाट एक सय रुपैयाँभन्दा बढीका सामान ल्याउने नागरिकलाई नै धरपकड सुरु गरेको थियो ।

सीमा क्षेत्रमा श्रमिकसहित बहुआयामिक क्षेत्रमा सक्रिय निड्स नेपालका सहकार्यकारी निर्देशक प्रकाश मडै कानुनले नै जहाज जढ्ने र स्थलमार्ग प्रयोग गर्नेलाई फरक व्यवहार गरेको बताउँछन् । व्यवहारमा धेरै धरपकड नहुने भए पनि कानूनी रुपमा नै विभेद हुनु गलत भएको उनको भनाइ छ । प्रशासनमा बसेको मानिसलाई जहिले मुड चल्यो, सोही बेला कडाइ गर्न सक्ने अवस्था रहेको उनी बताउँछन् । अहिले प्रशासनले खासगरी भन्सार छली गरी सामान ओसारपसार गर्ने पेशेवर व्यक्तिहरुमाथि कडाइ गर्ने गरेको भन्दै उनले भारतीय सीमावर्ती क्षेत्रमा लामो समय काम गरेर फर्किएका नेपालीमाथि पनि उस्तै व्यवहार हुन नहुने बताए ।

अर्थ मन्त्रालयका एक उच्च अधिकारी सीमा क्षेत्रमा छोटो समयमा कयौं पटक आवतजावत गर्न सम्भव हुने र त्यसको रेकर्ड राख्ने प्रणाली वैज्ञानिक नभएका कारण यस्तो नियम राख्नु परेको बताउँछन् । भन्सार छलेर सामान ओसार्ने भरिया वा तस्करलाई समात्ने बहानामा भारतमा काम गरेर आफ्ना सर-सामान लिएर फर्किएका नेपालीमाथि समेत फरक व्यवहार हुन सक्ने जोखिम रहन्छ ।

किनकि आगामी आर्थिक वर्षका लागि तोकिएको सूचनामा 'स्थलमार्गबाट सिमाना ओहोर दोहोर गर्ने व्यक्तिलाई ५ सय रुपैयाँ मूल्यसम्मका निजी प्रयोगका वस्तु ल्याए वा लगेमा भन्सार प्रमुखले औचित्य हेरी महसुल नलिई छाड्न सक्नेछ' भन्नेबाहेक रोजगारीबाट फर्कने व्यक्तिका लागि सहज हुने गरी कानुनले व्यवस्था गरेको छैन । बरु भारतमा अध्ययन गर्ने नेपाली विद्यार्थीले आफ्नो साथमा लगेको वा ल्याएको ट्यावलेट वा ल्यापटप वा कम्प्युटरमध्ये कुनै एक थान महसुल नतिरी ल्याउन पाउँछन् ।

**विदेश जाने नेपाली यात्रुका लागि कस्तो छुट ?**

अर्थ मन्त्रालयका अनुसार ५० हजार रुपैयाँ मूल्यका सौगातका सामानमा महसुल लाग्दैन । तर, मूल्य अभिवृद्धि कर लाग्ने वस्तुमा बीजक र नलाग्ने वस्तुमा स्थायी लेखा नम्बर भएको बीजक पेश गरेमा सो सीमा नलाग्ने गरी तोकिएको छ । यसअघि पनि सोही नियम थियो । सम्बन्धित वायुसेवाले यात्रुलाई साथमा लैजान दिने तौलसम्मको नेपाली बजारमा खरिद गरिएका वस्तु समेत आवश्यक कागजात देखाएर वा आवश्यक शूल्क र महसुल तिरी लैजान पाउने व्यवस्था छ ।

गैरआवासीय नेपालीलाई वैदेशिक रोजगारीको सुविधाबाहेक अन्य नेपाली सरह सुविधा उपलब्ध हुने प्रवाधान छ । चालक दलका सदस्यले भने निजी वस्तुबाहेक अन्य कुनै पनि सामान ल्याउन पाउँदैनन् । स्थलमार्गबाट ओहोरदोहोर गर्नेको हकमा जम्मा ५ सय रुपैयाँसम्मको सीमामा छुट दिइएको छ । यसअघि सो सीमा १ सय रुपैयाँ थियो ।

**विदेशी हवाई यात्रुको हकमा के छ सुविधा ?**

हवाई यात्रुले आउँदा/जाँदा निजी प्रयोगका वस्तुमा छुट पाउने छन् । बाइनाकुलर एक थान, ट्यावलेट वा ल्यापटप, भिडियो क्यामरा र क्यामरा एक/एक थान लिएर आउन सक्ने सुविधा छ । पोर्टेबल म्यूजिक सिस्टम, लुगाफाटा, साइकल एक वटा, घडी एक वटा, सेलुलर मोबाइल र तोकिएको परिणामसम्मका सुन तथा चाँदीका गहना ल्याउन समेत छुट हुनेछ ।

*(स्रोत: अनलाइनखबर)*

# एमालेको पुनर्गठन...

पार्टीमा चरम व्यक्तिवादी प्रवृत्ति बढेर गयो । अन्तत: 'नेता प्रधान होइन, नीति प्रधान हो' भन्ने ठाउँमा 'नीति प्रधान होइन नेता प्रधान हो' भन्ने मान्यतालाई स्थापित गर्दै लगियो । यसरी पार्टी पङ्क्तिमा विचारप्रतिको आस्था गौण हुँदै गयो । पार्टीमा आलोचना-आत्मालोचना चलाउनु भनेको अनाहकमा अन्तर्विरोध सिर्जना गर्ने तरिका भएकाले त्यसको सान्दर्भिकता समाप्त भएको हाकाहाकी घोषणा गर्न थालियो । यसरी पार्टीभित्र आलोचनाको विषय हराउँदै गयो । यो, कम्युनिस्ट र लोकतान्त्रिक पार्टीमा अस्तित्व र विकासका लागि अनिवार्य विषय थियो । तर त्यसलाई व्यवहारिक रूपमा पार्टीको विधिबाटै हटाएपछि विविध क्षेत्रमा समस्याहरू बढ्दै जानु स्वाभाविक थियो ।

पार्टी काम र सरकार सञ्चालनको क्रममा भएका कतिपय गल्ती, कमजोरीहरूप्रति प्रश्न गर्ने प्रवृत्ति कमजोर भयो । जसले प्रश्न गर्थे उनीहरूलाई पार्टी विरोधी बिल्ला लगाउने, किनारामा धकेलिदिने प्रवृत्ति माथिदेखि तलसम्म बढ्यो । ०७७ को संसद् विघटनपछि कुनै अमुक पार्टीको बहुमतको सरकार बन्ने सम्भावना समाप्त भयो र राजनीतिक अस्थिरता बढ्यो । त्यसपछि पार्टीका केही प्रमुख नेताहरू प्रधानमन्त्री बन्ने र अरू केही मन्त्री बन्ने खेल-तमासा बढ्दै गयो । यसै क्रममा उब्जेको भदौ २३-२४ को काण्ड र ०८२ फाल्गुण २१ को निर्वाचनको परिणामसम्म आइपुग्दा कम्युनिस्ट आन्दोलन मात्र होइन, लोकतान्त्रिक आन्दोलनका र पुराना पार्टीहरूले चुनावमा सबभन्दा ठुलो पराजय भोग्नुपर्ने अवस्था सिर्जना हुन पुग्यो ।

पार्टीभित्र देखा पर्दै आएका उपर्युक्त तमाम प्रवृत्तिहरू र विभिन्न राजनीतिक घटनाक्रमले पार्टीलाई आज जुन ठाउँमा पुऱ्याएको छ, त्यसको गम्भीर र तथ्यपूर्ण समीक्षा गरेर माथिदेखि तलसम्मको पार्टीभित्र व्यापक रूपान्तरण गरी पुन: नयाँ किसिमले अघि बढ्नुको विकल्प छैन । पार्टीसँग सम्बन्धित सरकारका महत्त्वपूर्ण उपलब्धि र भएका कमजोरीप्रति आत्मालोचित बन्दै त्यसलाई दृढतापूर्वक सच्याउने काम गर्न सकियो भने पुन: नेपाली कम्युनिस्ट आन्दोलन नयाँ उचाइमा पुग्न सक्ने सम्भावनाहरू विद्यमान छन् । त्यसका लागि एमालेले तत्काल केही काम गर्नु जरुरी छ । सर्वप्रथम गएको आम निर्वाचनको मात्र होइन अहिलेसम्म समग्र रूपमा पार्टी सञ्चालन र सरकार सञ्चालनमा रहेका तमाम कमजोरीहरूको तथ्यसंगत समीक्षा गर्नु जरुरी छ । विगतका सकारात्मक विषयलाई आत्मसात् गर्दै गल्तीहरू सच्याउने दृढ अठोट गर्नु पर्छ ।

वर्तमान नेपाली समाज मात्र होइन आजको युगले सबै ठाउँमा नयाँ नेतृत्वको आवश्यकता महसुस गरेको छ । नयाँ भन्नुको अर्थ विगतको भन्दा हरेक क्षेत्रमा उन्नत र सक्षम नेतृत्वको आवश्यकता छ । त्यसो नगरी आम जनतामा पार्टीप्रति विश्वास जगाउन सकिँदैन । ठोस रूपमा भन्ने हो भने नेतृत्वदायी स्थानमा पार्टी सञ्चालन र सरकार सञ्चालनका लागि अधिकतम उमेरको सीमा र निश्चित कार्यकाल तोक्नुपर्छ। यसले नयाँ पिँडीमा आशा र विश्वास जगाउँछ ।

सामूहिक नेतृत्वको आधारमा कम्युनिस्ट पार्टी सञ्चालन गर्नुपर्छ भन्ने मान्यता दस्ताबेजमा लेख्दै आएको विषय हो । तर व्यवहारमा एकल नेतृत्व प्रणाली स्थापित गर्ने काम हुँदै आयो । कम्युनिस्ट पार्टी मात्र होइन सामूहिक नेतृत्वको मान्यता स्थापित नगरी कहिले पनि लोकतन्त्र सुदृढ हुन सक्तैन । वास्तविक लोकतन्त्रका लागि यो विषय एक अनिवार्य तत्त्व हो । त्यस्तै सामूहिक बुद्धि र सामूहिक प्रयत्नको मान्यतालाई व्यवहारमा कसरी लागु गर्ने ? यस सम्बन्धमा नयाँ उपायहरू खोज्नु जरुरी छ । तबमात्र सिङ्गो पार्टीमा उन्नत चेतनाको विकास हुनसक्छ । पार्टीमा 'नेता प्रधान होइन, नीति प्रधान हो' भन्ने मान्यतालाई पुनर्स्थापित गर्नु आवश्यक छ ।

*(साभार: रातोपाटी)*

# रास्वपा मकवानपुरको सभापतिमा पाठक

साझाकुरा संवाददाता

हेटौंडा, २४ जेठ/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मकवानपुरको प्रथम अधिवेशनबाट मनहरी-३ हाँडीखोलाका सन्जीव पाठक सभापति पदमा निर्विरोधरुपमा चयन भएका छन् ।

यसअघि उनी रास्वपा जिल्ला सचिव थिए । हेटौंडामा भएको अधिवेशनले ५ वर्षे कार्यकालका लागि पाठकको नेतृत्वमा सर्वसम्मत ११ सदस्यीय जिल्ला समिति चयन गरेको हो । अधिवेशनले उपसभापतिमा टाकाराज थापा (सुरेश) सचिवमा विशभ अधिकारी, सहसचिवमा शान्ति थापा विडारीलाई चयन गरेको छ । अधिवेशनबाट सदस्यमा सम्झना पुडासैनी, पदम थिङ, सफल दुतराज, हलिया शेख, हरिहर खतिवडा र देवकुमार अर्याल चुनिएका छन् ।

हरिहर खतिवडा प्रतिनिधि सभा निर्वाचन क्षेत्र नम्बर १ को सभापति तथा देवकुमार अर्याल क्षेत्र नम्बर २ को सभापतिको रुपमा पनि चयन भएको नवनिर्वाचित सचिव विशभ अधिकारीले बताए । मकवानपुरका १० वटै पालिकाबाट ४ सय ५० भन्दा बढी प्रतिनिधिको सहभागितामा अधिवेशन सम्पन्न भएको हो । नवनिर्वाचित जिल्ला समिति सदस्यमध्येबाट एकजनालाई कोषाध्यक्षमा मनोनित गर्ने विधानमा व्यवस्था छ ।

"सफा ट्यांकी, स्वस्थ जिन्दगी"

तपाईको पानी ट्यांकी कत्तिको सुरक्षित छ ?

कहिले याद गर्नु भएको छ ? बाहिरबाट स्वस्थ र सफा देखिए पनि ट्यांकी भित्र धुलो, हिलो, लेउ र किटाणुको भण्डार भई दुषित त छैन ?

याद गर्नुहोस् है

हामीले दुषित पानीबाट ब्रस वा मुख धुने, नुहाउने, खाना पकाउने, पिउने जस्ता कार्यहरु गरिरहेका छौं भने, प्राय रोगहरु दुक्षित पानीका कारण स्वास्थ्यमा धेरै समस्य देखा पर्न सक्दछ ।



- डायरिया
- कालो झाडा
- टाइफाइट
- हेपाटाइटिस ए
- स्किन यन्फेक्सन,

साथै अन्य जलजन्य रोगहरु लाग्न सक्दछ ।

अब तपाईको घरदैलोमा सस्तो र भरपर्दो सफाई सेवा लिएर आएका छौ, अत्याधुनिक प्रविधि उपकरणबाट सफाई गर्छौं । अब ढिला नगरौं आजै आफ्नो ट्यांकी सफा गरी आफ्नो र परिवारको स्वास्थ्य जोगाउनुहोस् ।

छत/भूमिगत पानी ट्यांकी सफाई सेवा

थप जानकारीको लागि

इनर्जेटिक सर्भिसिज प्रा.लि.

९८२७२८३०३०, ९७६१७१९६९९, ९८५५०६७१११

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com



# सत्य र न्यायलाई प्राथमिकता दिएर काम गर्न मुख्यमन्त्री बानियाँको आग्रह

साझाकुरा संवाददाता

हेटौंडा, २४ जेठ/ बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले जनप्रतिनिधिले राजनीतिक आस्था, व्यक्तिगत सम्बन्ध वा कुनैपनि प्रकारको प्रभावभन्दा माथि उठेर सत्य, न्याय र इमानदारितालाई प्राथमिकता दिँदै काम गर्नुपर्ने बताएका छन् ।



बागमती प्रदेश सुशासन केन्द्र, जावलाखेल ललितपुरद्वारा आयोजित 'स्थानीय तहका न्यायिक समितिका संयोजक (उपप्रमुख/ उपाध्यक्ष) तथा सहजकर्ताका लागि स्थानीय तहका न्यायिक समितिबाट सम्पादित असल अभ्यास र फैसला लेखन सम्बन्धी अन्तरक्रिया कार्यक्रम' लाई सम्बोधन गर्दै मुख्यमन्त्री बानियाँले न्याय सम्पादनका क्रममा निष्पक्षता, कानुनी आधार र नैतिकताको उच्च महत्व रहेको बताए । उनले संविधानले स्थानीय तहका जनप्रतिनिधिलाई प्रदान गरेको अधिकार र जिम्मेवारीलाई आत्मसात गर्दै निडर, जिम्मेवार र जनउत्तरदायी ढंगले काम गर्न आग्रह गरे ।

स्थानीय तहमा उत्पन्न हुने विवाद तथा मुद्दालाई सकेसम्म संवाद र सहमतिका माध्यमबाट समाधान गर्नुपर्नेमा जोड दिँदै उनले जग्गा, सीमाना तथा अन्य विषयसँग सम्बन्धित विवादमा दुवै पक्षको कुरा सुनेर निष्पक्ष समाधान खोज्नु जनप्रतिनिधिको मूल दायित्व भएको बताए । मुख्यमन्त्री बानियाँले संवाद र सहमतिबाट समस्या समाधान हुन नसकेपछि मात्र न्यायिक समितिले निर्णय दिनुपर्ने उल्लेख गरे । निर्णय गर्दा कुनैपनि पक्षप्रति पूर्वाग्रह नराखी न्यायपूर्ण र कानुनसम्मत ढंगले काम गर्नुपर्ने उनको भनाइ थियो । उनले जिल्ला अदालत, उच्चअदालत तथा सर्वोच्च अदालतले स्थापित गरेका कानुनी सिद्दान्त र नजिरलाई आधार बनाएर फैसला गर्नुपर्नेमा जोड दिए ।

न्याय सम्पादनका क्रममा तथ्य, प्रमाण र कानुनलाई मुख्य आधार बनाउनुपर्ने बताउँदै उनले न्यायिक समितिका पदाधिकारीले आफ्नो इमानदारी, नैतिकता र जिम्मेवारीलाई सदैव केन्द्रमा राख्नुपर्ने धारणा व्यक्त गरे । न्यायको उद्देश्य कसैलाई अन्याय गर्नु नभई न्याय स्थापित गर्नु रहेको उनको भनाइ थियो । मुख्यमन्त्री बानियाँले जनप्रतिनिधिले सुशासन, पारदर्शिता, जवाफदेहिता र जनउत्तरदायित्वलाई केन्द्रमा राखेर काम गर्नुपर्ने उल्लेख गर्दै नागरिकमा विश्वास र भरोसा कायम गर्दै छिटो, सहज तथा प्रभावकारी सेवाप्रवाह गर्नु प्रमुख दायित्व भएको बताए ।

कार्यक्रममा सहभागी जनप्रतिनिधिलाई कानुनी ज्ञान, न्यायिक प्रक्रिया तथा निर्णय प्रक्रियासम्बन्धी जानकारी प्रदान गर्न योगदान पुर्‍याउने सम्बन्धित कार्यालय, प्रशिक्षक तथा सहयोगीलाई धन्यवाद दिँदै उनले यस्ता तालिम तथा अभिमुखीकरण कार्यक्रमले न्यायिक समितिलाई थप सक्षम, प्रभावकारी र सशक्त बनाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । उनले विशेषगरी कमजोर, निमुखा, पीडित तथा आवाजविहीन नागरिकले सहजरुपमा न्याय पाउने वातावरण निर्माण गर्नु जनप्रतिनिधिको महत्वपूर्ण दायित्व भएको उल्लेख गर्दै सत्य, न्याय र इमानदारिताको मार्गमा अघि बढ्न सबैलाई आग्रह गरे ।

मुख्यमन्त्री बानियाँले तालिमबाट प्राप्त ज्ञान, सीप र अनुभवले आगामी दिनमा न्यायिक जिम्मेवारी निर्वाह गर्न थप सहजता र आत्मविश्वास प्रदान गर्ने विश्वास व्यक्त गर्दै सहभागीको सफल कार्यकाल तथा न्यायपूर्ण सेवाका लागि शुभकामना व्यक्त गरे ।

# छैटौं मेयर कप फुटबल प्रतियोगिता असार ५ देखि



साझाकुरा संवाददाता

हेटौंडा, २४ जेठ/हेटौंडा उपमहानगरपालिका-१३ स्थित पदमपोखरी रंगशालामा छैटौं मेयर कप फुटबल प्रतियोगिता सञ्चालन हुने भएको छ ।

आइतबार खेलकुद विकास समिति हेटौंडा-१३ र पदमपोखरी युथ क्लबले पत्रकार सम्मेलनको आयोजना गर्दै प्रतियोगिता असार ५ गतेदेखि १२ गतेसम्म सञ्चाल हुने जानकारी गराएको हो । खेलकुद विकास समितिका अध्यक्ष अमृत लुङ्वाले प्रतियोगिताको विजेता टोलीले दुई लाख रुपैयाँ र उपविजेता टोलीले एक लाख रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने जानकारी दिए । प्रतियोगितामा उत्कृष्ट खेलाडी, उत्कृष्ट गोलरक्षक, सर्वाधिक गोलकर्ता, उदियमान खेलाडीलगायत विभिन्न विधामा पुरस्कार प्रदान गरिने छ ।

प्रतियोगितामा हेटौंडा उपमहानगरका विभिन्न वडाबाट खेलाडीको सहभागिता रहनेछ । महिला र पुरुष दुवै समूहको छुट्टाछुट्टै प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ । स्थानीयस्तरमा फुटबल खेलको विकास, खेलाडीको प्रतिभा प्रस्फुटन तथा युवालाई खेलकुद गतिविधिमा आकर्षित गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको १३ न वडा अध्यक्ष पेम्बा लामाले बताए । प्रतियोगिता सम्पन्न गर्न २० लाख खर्च हुने अनुमान आयोजकको छ ।

# मधेशमा पनि भेटियो नेपालको रैथाने चरा 'काँडे भ्याकुर'

साझाकुरा संवाददाता

हेटौंडा, २४ जेठ/ नेपालमामात्र पाइने दुर्लभ एवं रैथाने चरा 'काँडे भ्याकुर' पहिलो पटक मधेश प्रदेशमा फेला परेको छ । बाराको जीतपुरसिमरा उपमहानगरपालिका-२२ स्थित दुधौराखोला नजिकैको चुरेवनक्षेत्रमा यो चरा फेला परेको हो ।




नेपाल पन्छीविद् संघ र मिथिला वाइल्डलाइफ ट्रस्टको संयुक्त आयोजनामा मधेश प्रदेशका आठ जिल्लामा जारी चरा सर्वेक्षण क्रममा काँडे भ्याकुर भेटिएको हो । पन्छीविद्हरु हठन चौधरी र सुरज बरालको टोलीले २१ जेठ बिहान ८:३० बजे यो चराको अभिलेख गरेका हुन् । महेन्द्र राजमार्गको पूर्वतर्फ पर्ने नमुना महिला सामुदायिक वनक्षेत्रको घाँसे मैदान र झाडीमा काँडे भ्याकुर भेटिएको थियो । समुद्री सतहबाट मात्र ४ सय ४३ मिटर उचाइमा यो चरा भेटिनु आफैंमा एउटा रेकर्ड भएको उनीहरुले बताएका छन् । उचाइका दृष्टिकोणले यो हालसम्मकै सबैभन्दा कम उचाइमा गरिएको अभिलेख हो ।

चरा अवलोकन क्रममा वनविज्ञान अध्ययन संस्थान हेटौंडा क्याम्पसका विद्यार्थी आशिष पन्त, सुमीसिंह ठकुरी र निश्चल पोखरेल पनि सहभागी थिए । वैज्ञानिक नाम एकान्थोप्टिला निपालेन्सिस भएको काँडे भ्याकुर नेपालको मात्र रैथाने चरा हो । यो चरा यसअघि कोशी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा फेला परि सकेको भए पनि मधेशमा भने यसको आधिकारिक अभिलेख हुन सकेको थिएन । बारामा यो चरा भेटिएसँगै अब नेपालका सातै प्रदेशमा यसको भौगोलिक फैलावट रहेको पुष्टि भएको छ ।

नेपाल पन्छीविद् संघ अध्यक्ष हठनराम महतो र मिथिला वाइल्डलाइफ ट्रस्ट अध्यक्ष देवनारायण मण्डलका अनुसार मधेश प्रदेशमा चराको अवस्था र प्रजातिबारे बुझ्न दोस्रोचरणको गर्मीयाम लक्षित सर्वेक्षण भइरहेको छ । यो अनुसन्धान राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र वन तथा भूसंरक्षण विभागको अनुमतिमा भइरहेको हो । विश्वमा नेपालमा मात्र पाइने हुनाले अन्तर्राष्ट्रिय चराप्रेमी र अनुसन्धानकर्ताका लागि काँडे भ्याकुर निकै आकर्षक र महत्वपूर्ण चरा मानिन्छ ।


# आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि




सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)


## जागरण बचत तथा ऋण सहकारी संस्था लिमिटेड

मकवानपुरगढी-३, मक्रान्चुली

### कर्जा चुक्ता गर्नेबारे ३५ दिने अत्यन्त जरूरी सूचना !

प्रकाशित मिति: २०८३/०२/२५ गते सोमबार

यस संस्थाबाट तपशिलमा उल्लेखित ऋणी सदस्यरुले विभिन्न मितिमा लिएको कर्जाको साँवा ब्याज र हर्जना रकम सर्त बमोजिम तोकिएको भाखा म्यादभित्र तिर्नु बुझाउनु पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरुको उल्लंघन गरेकोले सो सम्बन्धमा बारम्बार मौखिक एवम् लिखित ताकेता गर्दा समेत ऋणी एवम् जमानीकर्ताले तिर्नु बुझाउन पर्ने कर्जाको साँवा, ब्याज र हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरि बाँकी राखि कर्जा चुक्ता गर्नेतर्फ कुनै तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउनेबारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र तिर्नु बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज र हर्जना तथा अन्य दैदस्तुरको रकम समेत एकमुष्ठ चुक्ता फछ्र्यौट गर्नुहुन सम्बन्धित ऋणी एवम् जमानीकर्ताहरुलाई सुचित गरिन्छ । सो म्यादभित्र कर्जाको सम्पूर्ण बक्यौता रकमचुक्ता फछ्र्यौट नगरेमा सहकारी ऐन, नियमावली, संस्थाको विनियम, नीति तथा प्रचलित कानुन बमोजिमको व्यवस्था गरी संस्थाको लेना रकम असुल उपर गरिदिने तथा ऋणी र जमानीकर्तालाई कालोसूचिमा समावेश गरिने प्रक्रिया अगाडी बढाइने व्यहोरा ऋण, जमानीकर्ता तथा सम्बद्ध सबैलाई यसै सूचनाद्वारा सुचित गरिन्छ ।

तपशिल

| क्र.सं | ऋणीको नाम/विवरण | ऋणीको फोटो | जमानीकर्ताको बिबरण |
|---|---|---|---|
| १. | ऋणीको नाम: सुजता राई<br>बुबाको नाम: समिर राई<br>बाजेको नाम: सम्भु राई<br>ठेगाना : हेटौडा-१६, हटिया<br>ना.प्र.न : ३१-०१-७७-०४७३७<br>जारी मिति : २०७७/०९/२०,<br>कर्जाको किसिम : पशुपालन |  | नाम : गीता राई<br>पतिको नाम: समिर राई<br>ससुराको नाम : सम्भु राई<br>ठेगाना : हेटौडा-१६, हटिया<br>ना.प्र.न : ३११०१३।५४३६८<br>जारी मिति: २०६५/०८/१२, |
| २. | ऋणीको नाम: जितबहादुर राई<br>बुबाको नाम: चन्द् बहादुर राइ<br>बाजेको नाम: बुद्दिमान राई<br>ठेगाना : हेटौडा-१७, हटिया<br>ना.प्र.न : २४०७२<br>जारी मिति : २०४९/११/०४,<br>कर्जाको किसिम: ब्यापारिक |  | नाम: शुशिला राई<br>पतिको नाम: जितबहादुर राई<br>ससुराको नाम : चन्द् बहादुर राई<br>ठेगाना: हेटौडा-१७, हटिया<br>ना.प्र.न : ९/६९५<br>जारी मिति : २०५५/०९/०२, |
| ३. | ऋणीको नाम: साबित्री बर्तौला<br>पतिको नाम: शालिकराम धिताल<br>ससुराको नाम: नारायण प्रसाद धिताल<br>ठेगाना : हेटौंडा-१६, हटिया<br>ना.प्र.न : ४२/०३१<br>जारी मिति : २०५२/११/३०,<br>कर्जाको किसिम: ब्यापारिक |  | नाम : शालिकराम धिताल<br>बाबुको नाम: नारायण प्रसाद धिताल<br>बाजेको नाम: रामचन्द्र धिताल<br>ठेगाना : हेटौडा-१६, हटिया<br>ना.प्र.न : ४६४<br>जारी मिति :२०४४/१०/२४ |
| ४. | ऋणीको नाम: उर्मिला कुमारी पुलामी<br>बाबुको नाम: यक बहादुर पुलामी<br>बाजेको नाम: धन बहादुर पुलामी<br>ठेगाना : हेटौंडा-१७ राजदेबी<br>ना.प्र.न : २६१४५<br>जारी मिति : २०५५/०५/२४,<br>कर्जाको किसिम: कृषि |  | नाम : हिमराज पुलामी<br>बाबुको नाम: यक बहादुर पुलामी<br>बाजेको नाम: धन बहादुर पुलामी<br>ठेगाना : हेटौंडा-१७, राजदेबी<br>ना.प्र.न : ११/८२६४<br>जारी मिति : २०६०/०७/२६ |
| ५. | ऋणीको नाम: सानुकाजी श्रेष्ठ<br>बाबुको नाम: गम्भीर बहादुर श्रेष्ठ<br>बाजेको नाम: शंकरदास श्रेष्ठ<br>ठेगाना : मकवानपुरगढी गाउँपालिका-२ शिखरकटेरी<br>ना.प्र.न : २०२८७<br>जारी मिति : २०४८/०१/१७,<br>कर्जाको किसिम: ब्यापारिक |  | नाम : लक्ष्मी श्रेष्ठ<br>पतिको नाम: सानुकाजी श्रेष्ठ<br>ससुराको नाम: गम्भीर बहादुर श्रेष्ठ<br>ठेगाना : म.गढी-२ शिखरकटेरी<br>ना.प्र.न : ११/१७८४<br>जारी मिति: २०५९/०३/१९ |
| ६. | ऋणीको नाम: शुशिला राई<br>पतिको नाम: जितबहादुर राई<br>ससुराको नाम : चन्द् बहादुर राई<br>ठेगाना: हेटौंडा-१७, हटिया<br>ना.प्र.न : ९/६९५<br>जारी मिति : २०५५/०९/०२,<br>कर्जाको किसिम: ब्यापारिक |  | नाम : जित बहादुर राई<br>बुबाको नाम: चन्द् बहादुर राइ<br>बाजेको नाम: बुद्दिमान राई<br>ठेगाना : हेटौंडा-१७, हटिया<br>ना.प्र.न : २४०७२<br>जारी मिति : २०४९/११/०४ |
| ७. | ऋणीको नाम: राजकुमार राना मगर<br>बाबुको नाम: बलराम राना मगर<br>बाजेको नाम : तुलाराम राना मगर<br>ठेगाना: हेटौंडा-१६, हटिया<br>ना.प्र.न : २४/१७९५३<br>जारी मिति : २०६१/०९/१४,<br>कर्जाको किसिम: पशुपालन |  | नाम : शान्ति राना मगर<br>पतिको नाम: राजकुमार राना मगर<br>ससुराको नाम: बलराम राना मगर<br>ठेगाना : हेटौंडा-१६, हटिया<br>ना.प्र.न : ३११०१३/८४८९३<br>जारी मिति : २०६८/०२/२७ |
| ८. | ऋणीको नाम: बिजय राई<br>बाबुको नाम: रामकृष्ण राई<br>बाजेको नाम : रत्नबहादुर राई<br>ठेगाना: हेटौंडा-१६, हटिया<br>ना.प्र.न : ४७/३११९८<br>जारी मिति : २०६२/१०/०३,<br>कर्जाको किसिम: पशुपालन |  | नाम : उर्मिला राई<br>पतिको नाम : बिजय राई<br>ससुराको नाम : रामकृष्ण राई<br>ठेगाना : हेटौडा-१६<br>ना.प्र.न :<br>जारी मिति : |






साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना